annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८६ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ११ साउन २०८१ | श्रावण कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४४ | …माडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# न्याय नपाए बुटवल जानू

आम नागरिकका लागि मुलुकमा न्याय खर्चिलो छ। खर्चिलो मात्र होइन, पटचारलाग्दो पनि छ। महिनौं होइन वर्षसम्म पनि न्याय निरुपण हुँदैनन्। अदालतको ढोका धाउँदाधाउँदै नागरिकको समय र पैसा सकिन्छ। 'न्याय नपाए गोरखा जानू' नेपाली उखान तत्कालीन गोरखाका राजा रामशाहका पालामा सर्वाधिक चलेको उखान हो। तर, अहिले लुम्बिनी प्रदेशका नागरिक 'न्याय नपाए, बुटवल जानू' भन्न थालेका छन्। कारण हो, उच्च अदालत तुलसीपुर बुटवल इजलासले नागरिकले अनुभूति गर्ने गरी न्यायिक कार्यसम्पादन गर्‍यो। बुटवल इजालसमा १ वर्ष नाघेका कुनै पनि मुद्दाहरू फैसला गर्न बाँकी छैनन्। यस इजलासलाई सर्वोच्च अदालतले २०७३ सालमा नमुना अदालतको रूपमा पुरस्कृत गरेको थियो।


**केशरराज क्षेत्री** | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २

### के गर्‍यो बुटवल इजलासले ?

- अनलाइनबाटै नगदी रसिद
- फैसला सुन्न वर्षौं पर्खिन पर्दैन
- स्वचालित पेसी प्रणाली लागू
- वैकल्पिक विद्युत् लाइनको व्यवस्था
- निवेदन फारामहरू निःशुल्क उपलब्ध
- फाराम भर्न नसक्नेलाई कर्मचारीबाटै सेवा
- प्रभावकारी व्यवस्थापन र क्षमता विकास
- कार्ययोजना बनाएर मात्र कार्यसम्पादन
- तीन वर्षभित्र सबै मिसिल स्क्यान गर्ने लक्ष्य
- हालसम्म ७ हजार मिसिल स्क्यानिङ
- मिसिल धुलाउने ३ हजारको लक्ष्य ८ हजार पुग्यो
- सबै चलानीहरू अनलाइनबाट
- स्थानीय सरकारसँग प्रभावकारी समन्वय
- २१ दिनभित्रै मुद्दा फैसला दिनसक्ने




---

## अनुभवसँगै सोच र दृष्टिकोण बदल्ने मानवीय अवस्था



**राजन घिमिरे**

इजलास

मानिसको जीवनमा ८ वटा आयाम हुँदा रहेछन्। पहिलो बाँच्नुपर्ने। यसमा गाँस, बास र कपाससँगै निरोगिता रहने विषय पर्छन्। यी चार कुरा हामीलाई आवश्यक पर्दोरहेछ। जब बाँच्यो तब मान्छे दोस्रो भोगतर्फ आकर्षित हुन्छ। हिजो खान पाए हुन्थ्यो भन्ने ऊ आज मिठो खानेतर्फ मोडिन्छ। त्यस्तै, लाउन पाए हुन्थ्यो भन्ने ऊ अब राम्रो लाउन पाए हुन्थ्यो भन्छ। अझ राम्रोसँग बसोबास गर्न पाए हुन्थ्यो भन्छ।

भोग गर्दागर्दै मलाई मात्र हैन, अरूलाई पनि होस् न भन्दै तेस्रो तहमा 'सेवा' गर्न चाहँदो रहेछ मान्छे। चौथो, सेवा गरिरहँदा त्यसको नेतृत्व गर्न चाहँदो रहेछ। त्यसको नेतृत्व आफूले लिन पाए ? भन्दोरहेछ मान्छे। नेतृत्व लिँदालिँदै मान्छे सम्मान खोज्दो रहेछ, पाँचौंमा। सम्मान खोज्दा खोज्दै त्यो सम्मानको लायक हुन बल्ल मैले केही जान्नुपर्छ भन्ने बुझ्छ र छैटौंमा ज्ञान खोज्दो रहेछ।

त्यसपछि बल्ल मानिस केही खोज्ने र पढ्ने तहमा पुग्दोरहेछ। यसरी ज्ञान भइसकेपछि सातौं चरणमा मान्छे ध्यानमा प्रवेश गर्दो रहेछ। हिजो अस्ति खान मिठो चाहिन्छ भन्ने मान्छे अब भए पनि ठीक नभए पनि ठीक भन्नेमा पुग्छ। हिजोसम्म राम्रो लगाउनुपर्छ भन्ने ऊ अब जे भए पनि ठीक भन्नेमा पुग्छ।

यसबेलामात्र मानिसले थाहा पाउँछ कि मैले गहिरिएर केही जानेबुझेको रहेनछु। सतही ज्ञान अर्थात् भ्रमको संसारमा बाँचेछु। ध्यानको यात्राले ऊ त्यसभन्दा माथि पुग्नेरहेछ अर्थात् समृद्ध हुँदोरहेछ। यो आठौं चरणमा पुगेपछि अब मान्छेमा कुनै कुराको लोभलालच बाँकी नरहने रहेछ। अर्थात्, हुँदा पनि ठीक नहुँदा पनि। वैराग्यको यो संसारमा पुगेपछि मात्र उसले समभाव राख्दोरहेछ, समदर्शी बन्दोरहेछ।

---

# प्रशासनिक नेतृत्वमा पहिलो महिला

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मुख्य सचिव व्यवस्था भएको ७० वर्षको इतिहासमा पहिलोपल्ट कर्मचारी प्रशासनको उच्च नेतृत्वमा महिला पुगेकी छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको प्रस्ताव र जोडबलमा मन्त्रिपरिषद्ले बिहीबार लीलादेवी गड्तौलालाई मुख्य सचिव नियुक्त गरेको हो। उनी गड्तौला २७ औं मुख्यसचिव हुन्।

नियुक्तिपछि प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेखेका छन्, 'देशभरको कर्मचारी प्रशासनको नेतृत्व पहिलोपटक महिलालाई! आजको मन्त्रिपरिषद् बैठकले सरकारको मुख्य सचिवमा लीलादेवी गड्तौलालाई नियुक्त गरेको छ। नवनियुक्त मुख्यसचिव लीलादेवी गड्तौलालाई बधाई!' प्रधानमन्त्रीले नियुक्त गर्ने निर्णय गरेसँगै सामाजिक सञ्जालमा व्यापक बधाई आएका छन्। प्रशासनिक नेतृत्वमा पहिलो महिला पुगेकामा धेरैले खुसी व्यक्त गरेका छन्।

२०८१ असार ३१ गते केपी ओली नेतृत्वकै सरकारको पहिलो निर्णयबाट गड्तौला कामु मुख्यसचिव बनाइएकी थिइन्। अन्तःशुल्कको स्टिकर छपाइ प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले असार ९ मा तत्कालीन



मुख्यसचिव डा. बैकुण्ठ अर्याललाई मुद्दा चलाएपछि अघिल्लो सरकारले गड्तौलाले निमित्त मुख्यसचिवको जिम्मेवारी दिएको थियो।

२०२३ साल भदौ १५ मा तेह्रथुमको साविक पिप्ले (म्याङ्लुङ नगरपालिका) जन्मेकी गड्तौलाको हालको ठेगाना सोलुखुम्बुको नेचा-सल्यान हो। उनले म्याङ्लुङ बजारमा रहेको सिंहबाहिनी व्यावसायिक माध्यमिक विद्यालयबाट २०३८ सालमा एसएलसी पास गरेकी हुन्। त्यसपछि उनले त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल ल क्याम्पस काठमाडौं आएर अध्ययनलाई अगाडि बढाएकी थिइन्। त्यहाँबाट कानुनमा प्रवीणता प्रमाणपत्र तह (आइएल) र स्नातक (बीएल) गरिन्। काठमाडौं स्कुल अफ लबाट ह्युमन राइट्स एन्ड जेन्डर जस्टिजमा एलएलएम गरिन्। त्रिभुवन विश्वविद्यालयबाटै राजनीतिशास्त्रमा स्नातकोत्तर पनि गरिन्।

गड्तौलाले २०५२ सालमा न्याय सेवाअन्तर्गत कानुन समूहबाट शाखा अधिकृतमा पहिलो नम्बरमा नाम निकाल्न सफल भएकी थिइन्। उनी २०६३ मा उपसचिव र २०७० मा सहसचिव भइन्। उनी २०७७ कात्तिक २७ मा सचिवमा बढुवा भएकी थिइन्। उनी ५८ वर्षे उमेर हदका कारण आउँदो भदौ १५ बाट सेवा निवृत्त हुनेछिन्। त्यसअघि ३५ दिन मुख्यसचिव रहनेछिन्।

गड्तौला विवादरहित कर्मचारीका रूपमा पनि परिचित छन्। लामो समय कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा रहेर काम गरेकी उनले निर्वाचन आयोग, गृह मन्त्रालय लगायतमा सेवा गरेकी छन्।

» बाँकी पृष्ठ ६

---

सौर्य विमान दुर्घटना

# छानबिन आयोगद्वारा काम सुरु

**सुनिता कार्की** | *काठमाडौं*

सौर्य एयरलाइन्सको विमान दुर्घटना छानबिनका लागि गठित आयोगले काम सुरु गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आयोगले बिहीबार नै टम्स अफ रिफरेन्स (टीओआर) बुझेको थियो। आयोगको मन्त्रालयमा बैठक बसेको थियो।

सरकारले दिएको ४५ दिनको समय अवधिभित्र के, कसरी गर्ने भन्ने सम्बन्धमा आयोगले स्पष्ट खाका तयार पारेको छ। आयोगको बिहीबारबाट नै काउनडाउन सुरु भएको आयोग अध्यक्ष एवं नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्रलाल सुमनले जानकारी दिए।

छानबिनको पहिलो दिन आयोग सदस्यहरू घटनास्थल पुगेका थिए। आयोग सदस्यहरूले घटनास्थलको स्थलगत अवलोकन तथा निरीक्षण गरेको बताइएको छ। काठमाडौं सिनामंगलमा उपचार गराइरहेका सौर्यका पाइलट मनिषरत्न शाक्यलाई भेट्न पुगेको टोलीले उनलाई भने भेट्न पाएनन्। आयोगले छानबिनका लागि विमानको ब्ल्याक बक्सलाई आफ्नो नियन्त्रणमा लिई अध्ययनका लागि राखेको बताइएको छ।

बुधबार मर्मत तथा जाँचका लागि पोखरा उडेको सौर्य एयरको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा दुर्घटना ग्रस्त भएको थियो। जहाज दुर्घटनापछि आकस्मिक बसेको मन्त्रिपरिषद् बैठकले दुर्घटना छानबिन तथा जाँचबुझ आयोग गठन गर्‍यो।

नेपाल उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतिशचन्द्र लाल सुमनको नेतृत्वमा पाँच सदस्यीय आयोग बनाएको छ। आयोगमा दीपु ज्वारचन, सुदीप भट्टराई, सञ्जय अधिकारी र मुकेश डंगोल छन्। समितिले ४५ दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने छ।

» बाँकी पृष्ठ ६

---

# हैजा संक्रमितले शयचाबाटै सुइँकुच्चा ठोकेपछि...

## शुक्रराज अस्पतालमा भर्ना भएका ३ बिरामी फरार सूचीमा

**दिनेश गौतम** | *काठमाडौं*

भर्नारत बिरामी सुत्ने तर्खरमा थिए। नर्सहरू ड्युटीमै दत्तचित्त देखिन्थे। यही मौका छोपेर हैजा संक्रमित एक बिरामी जुरुक्क उठे। पल्याकपुलुक हेर्दै शय्याबाट झरे। क्षणभरमै अस्पतालबाट सुइँकुच्चा ठोके। निगरानी गर्न आएकी नर्सले देखिन्, 'शय्या छ, बिरामी छैन।'

यो घटना दुई रातसम्म शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा चलिरह्यो। भर्ना भएका हैजाका संक्रमित भाग्ने क्रमले नर्स र चिकित्सकलाई नै हैरान बनायो। पहिलो दिन अर्थात् सोमबार एक जना भागे।

संक्रमितका अन्य साथी पनि के कम ? भोलिपल्ट अन्य दुई जनाले पनि त्यही तौरतरिका अपनाए। राति नर्सहरूको आँखा छल्दै कुलेलम ठोके। नर्सहरू दोस्रो दिन पनि हेरेको हेर्‍यै भए। 'सुरुमै पनि भर्ना हुनै मानिरहेका थिएनन्। बल्लतल्ल भर्ना भएका थिए,' एक नर्सले भनिन्, 'चिडचिडापन देखिएको थियो। राति त कसैलाई थाहापत्तो नदिई बेपत्ता भएछन्।' पातलो दिसा हुने, वाकवाकी




लाग्नेलगायत लक्षणहरू भएका फरार हैजा संक्रमित कहाँ छन् ? अस्पताल प्रशासनलाई कुनै पत्तो छैन। अस्पतालको फरार सूचीमा रहेका बिरामीहरू २१ वर्ष माथिका हुन्।

अस्पतालका सूचना अधिकारी पुरन गुरुङका अनुसार, उपचाररत अवस्थामै तीन जना बिरामी कुलेलम ठोकेका हुन्। ललितपुरको ठैबस्थित पुनःस्थापना केन्द्र (रिह्याबिलिटेसन सेन्टर) बाट जँचाउन आएका ५ जनामध्ये तीन जना भागेको गुरुङले बताए। तीन जना फरार भएकामा दुई जनामा हैजा संक्रमणको पुष्टि भएको छ। पुनःस्थापना केन्द्रबाट जँचाउन आएका ५ जनामध्ये एक जना अस्पतालमै उपचाररत छन्।

अर्का एक जनालाई पाटन अस्पतालमा रेफर गरिएको उनले जानकारी दिए। र्‍यापिड टेस्ट गर्दा पाँचै जनामा हैजाको संक्रमण पुष्टि भएपछि भर्ना गरिएको अस्पतालले जनाएको छ। तर, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, महामारी शाखा प्रमुख डा. मुकेश पौडेलले कल्चर रिपोर्टमा फरार भएकामध्ये दुई जनामा हैजाको संक्रमण पुष्टि भएको जानकारी दिए। 'एन्टिवायोटिक दिई उपचार जारी थियो,' डा. पौडेलले भने, 'सामान्य लक्षण भएका कारणले पनि होला सुइँकुच्चा ठोकेछन्।'

उपचाररत अवस्थामै सुइँकुच्चा ठोक्ने एक जना हैजाका संक्रमित भने असहज अनुभव भएपछि काठमाडौं मेडिकल कलेजमा भर्ना भए। अर्का भने घरमै उपचार गरिरहेको विवरण इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ। अर्का एक जनाको अत्तोपत्तो छैन। महामारी शाखाका प्रमुख डा. पौडेलका अनुसार, पुनःस्थापना केन्द्रमा आश्रय लिएका व्यक्तिमा हैजा संक्रमण देखिनुमा दूषित पानीको प्रयोग भएको हुनसक्छ। पुनः स्थापना केन्द्रमा आश्रय लिएकाहरूबाहेक ललितपुर क्षेत्रका अन्य स्थानमा हैजाको संक्रमण नदेखिएको डा. पौडेलले जानकारी दिए।

उपचार गर्दागर्दै हैजाका संक्रमित कुलेलम ठोकेपछि चिकित्सकहरू आश्चर्यमा छन्। शुक्रराज अस्पतालमा कार्यरत सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बिरामीहरू उपचार गर्दागर्दै भाग्न नहुने सुझाव दिन्छन्। 'वर्षाको बेलामा पानी दूषित भएको हुन्छ। दूषित पानीको उपयोगले हैजा संक्रमण हुनु स्वाभाविक हो। अन्यथा लिनुपर्दैन,' डा. पुन थप्छन्, 'हैजा अति संक्रामक र शीघ्र फैलन्छ। हैजा संक्रमणको पुष्टि भएको व्यक्ति उपचार नगराई भाग्दै हिँड्दा झन् संक्रमण शीघ्र फैलने जोखिम हुन्छ।'

भिब्रियो कोलेरा नामक प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो। हैजा संक्रमण भएको एक सातासम्ममा लक्षणहरू देखा पर्छन्। पातलो (चौलानी )जस्तो दिसा हुन्छ। वाकवाकी लाग्ने, वान्ता हुने र कडा जलवियोजन हुन्छ। कडा जलवियोजन हुँदा आँखाभित्र गड्ने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, तीर्खा, थकाई लाग्ने, छाला सुक्खा हुने, पिसाब पहेंलो रंगको हुने, चिडचिडापन हुने लगायतका लक्षणहरू देखिन्छन्। सरुवा रोग विशेषज्ञहरूका अनुसार, यो रोगबाट मानिसहरूमा अति शीघ्र कडा जलवियोजन भई मृत्युसमेत हुने जोखिम रहन्छ।

सरुवा रोग विशेषज्ञ डा. पुनका अनुसार, संक्रमित व्यक्तिको दिसाको माध्यमबाट बाहिरी वातावरणमा पुग्छ। स्वस्थ व्यक्तिमा दूषित खाना वा पानीको माध्यमबाट बढी सरेको पाइएको छ। डा. पुन भन्छन्, 'हैजाबाट जोगिन शुद्ध पानी पिउने, सरसफाइमा ध्यान दिने र झिंगा भन्केको तथा सडेगलेको खानुहुँदैन। फलफूल पनि सफा पानीले धोइपखाली खानुपर्छ।'